कागेश्वरी मनोहरा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं, बागमती प्रदेश, नेपाल

कृषि विकास शाखा

फोन: ०१-४४५१२४२
ईमेल: er.kageshworimun@gmail.com
टोलफ्रि नं: १६६००१२७७७७

प.सं.: ०८०/८१

सूचना नं.:- ०५/०८०/८१ (कृषि शाखा)

## आलुको उन्नत बिउ माग गर्ने सम्बन्धी सूचना

प्रथम पटकप्रकाशित मिति :- २०८०/०८/०१

प्रस्तुत विषयमा यस कागेश्वरी मनोहरा नगरपालिका, कृषि विकास शाखाको चालु आ.व. ०८०/८१ को वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत "हिउँदे आलुको बिउ वितरण कार्यक्रम" संचालनार्थ तपशिलमा उल्लेखित हिउँदे आलुको उन्नत बिउ ५० प्रतिशत अनुदानमा वितरण गरिने भएको हुँदा यस नगरपालिका भित्रका व्यवसायिक आलु खेती गर्ने कृषक, कृषक समुह तथा कृषि सहकारीले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन (मिति:२०८०/०८/१५ गते) कार्यालय समय भित्र देहायका कागजात साथमा राखी रितपूर्वक माग निवेदन पेश गर्नुहुन सरोकारवाला सम्पूर्णमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल:

| क्र. सं. | बिउ विवरण | जम्मा परिमाण (के.जी.) | प्रति के.जि दर रु. | कृषकले ब्यहोर्नुपर्ने रमक रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | जनकदेव | ३००० | ७६ | ३८ | अधिकतम मूल्य |
| २ | कार्डिनल | ४००० | ७६ | ३८ | अधिकतम मूल्य |
| ३ | MS42.3 | २००० | ७६ | ३८ | अधिकतम मूल्य |

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:-

- आवश्यक आलुको बिउ परिमाण र जात स्पष्ट खुल्नेगरी मागको निवेदन ।
- नगरपालिकाबाट जारी भएको किसान कार्ड ।
- आलुखेती गर्ने जग्गाको क्षेत्रफल स्पष्ट खुल्ने प्रमाणपत्र (लालपूर्जा, मालपोत कर तिरेको रसिद, जग्गा भाडामा लिएको भए सो को सम्झौता) को प्रतिलिपि ।
- समूह, सहकारीको हकमा दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि ।
- समूह, सहकारीको हकमा बिउ माग गर्ने बैठक निर्णयको प्रतिलिपी ।
- निवेदकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
- समुह तथा सहकारीको हकमा वडा कार्यालयको सिफारिस।

❖ द्रष्टव्य :- थप जानकारीको लागि कागेश्वरी मनोहरा नगरपालिका, कृषि विकास शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

२०८०/८/१

माधव खतिवडा
अधिकृत छैटौं